विहान ८:०० बजे

आज मिति २०७५ असोज १४ गते आईतबारका दिन, यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन वस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा ~~४७~~ ४८ औं बोर्ड वैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहायबमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति :-

पदाधिकारी हस्ताक्षर

| | | |
|---|---|---|
| १. | नगरप्रमुख श्री मोहन बस्नेत | -अध्यक्ष |
| २. | नगर उपप्रमुख श्री बसन्तीतामाङ (डंगोल) | -सदस्य |
| ३. | १ नं. वडाका वडा अध्यक्ष श्री जय थापामगर | -सदस्य |
| ४. | २ नं. वडाका नि वडा अध्यक्ष श्री ~~रामचन्द्र क्षेत्री~~ सरोज के.सि. | -सदस्य |
| ५. | ३ नं. वडाकाकार्यबाहक वडा अध्यक्ष श्री मनोज बस्नेत | -सदस्य |
| ६. | ४ नं. वडाका वडा अध्यक्षश्री पुष्कर खड्का | -सदस्य |
| ७. | ५ नं. वडाका वडा अध्यक्ष श्री श्यामबहादुर खत्री | -सदस्य |
| ८. | ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मानमहर्जन | -सदस्य |
| ९. | ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | -सदस्य |
| १०. | ८ नं. वडाका वडा अध्यक्ष श्री राजकुमार लामा | -सदस्य |
| ११. | ९ नं. वडाका वडा अध्यक्ष श्री अमृकाबलामी | -सदस्य |
| १२. | दलित वा अल्पसंख्यक सदस्य श्री रमापहरी | -सदस्य |
| १३. | दलित वा अल्पसंख्यक सदस्य श्री गौरी नेवा | -सदस्य |
| १४. | दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | -सदस्य |
| १५. | महिला सदस्य श्री लक्ष्मी भण्डारी | -सदस्य |
| १६. | महिला सदस्य श्री कविताखत्री | -सदस्य |
| १७. | महिला सदस्य श्री शारदा आचार्य | -सदस्य |
| १८. | महिला सदस्य श्री निर्मलामंग्राती | -सदस्य |
| १९. | महिला सदस्य श्री मिना मगर | -सदस्य |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री सुशीला पौडेल (ढकाल) | -सचिव |

सहयोगी कर्मचारी :-

| | | |
|---|---|---|
| १. | श्री सोमा खड्का | - शाखा अधिकृत |
| २. | श्री बिन्जु वज्राचार्य | - लेखा अधिकृत |
| ३. | श्री मनोज बुढाथोकी | - ईन्जिनियर |
| ४. | श्री गीता तामाङ | - क.अ. |
| ५. | श्री विकास गुरुङ | - कम्प्युटर सहायक |

मिति २०७५/६/११ गते नगरप्रमुखज्यू समक्ष देहायका विषयहरु पेश हुँदा नगरकार्यपालिका बैठकमा पेश गर्ने आदेश भएबमोजिम निर्णयार्थ पेश गरिएको छ ।

| सि नं | विषय | कानूनमा उल्लेख भएको व्यहोरा | निर्णय हुनुपर्ने व्यहोरा |
| --- | --- | --- | --- |
| १. | ज्येष्ठ नागरिक सम्मान कार्यक्रम सम्बन्धमा । | ७० वर्ष पुगेका ज्येष्ठ नागरिक र रातो /निलो कार्ड भएका अपांगता भएका व्यक्तिहरुलाइ पोशाक वितरण गर्ने । | |
| २. | हरिशंकर जात्रा र विजया दशमी एवं दिपावली जस्ता चाडवाड सम्बन्धमा । | | |
| ३. | फोहोर व्यवस्थापन सम्बन्धमा । | | |
| ४. | खानीहरु नविकरण सम्बन्धमा । | | |

मिति २०७५/६/११ गते नगरप्रमुखज्यूबाट नगरकार्यपालिका बैठकमा पेश गर्न आदेश भइ मिति २०७५।६।१४ गते नगरकार्यपालिका बैठकबाट निर्णय भएका विषयहरु देहाय बमोजिम रहेका छन् ।

**तपशिल**

| सि नं | विषय | कानूनमा उल्लेख भएको व्यहोरा | निर्णय हुनुपर्ने व्यहोरा |
|---|---|---|---|
| १. | ज्येष्ठ नागरिक सम्मान कार्यक्रम सम्बन्धमा । | • ७० वर्ष पुगेका ज्येष्ठ नागरिक र रातो /निलो कार्ड भएका अपांगता भएका व्यक्तिहरुलाइ पोशाक वितरण गर्ने । | • वडा नं १ देखि ५ सम्मका ५ वटा वडाहरुमा मिति २०७५/६/१६ गते र वडा नं ६ देखि ९ सम्मका ४ वटा वडाहरुमा मिति २०७५/६/२५ गते नगरपालिकाको प्राङ्गणमा पोशाक वितरण गरि सम्मान गर्ने । यसको लागि मिति २०७५/६/९ गतेको कार्यपालिका बैठकबाट नगर उपप्रमुख ज्यूको संयोजकत्वमा गठित समितिबाट सिफारिस भइ आए अनुसार महिलाको लागी रु. १,१२५।- (एक हजार एक सय पच्चियस), पुरुषको लागि रु. ९७५।- (नौ सय पचहत्तर) र अपाङ्गता भएका (रातो/निलो कार्ड) व्यक्तिहरुको लागि रु. ९००।- (नौ सय) बराबरको कपडा खरिद गर्ने । यसको लागि स्थानीय व्यापारीसँग छुट्टाछुट्टै कोटेशन माग गर्ने र सबै भन्दा कम रकम भएको कोटेशन स्वीकृत गरी खरिद प्रक्रिया अघि बढाउने । यस पोशाक वितरण कार्यक्रममा पोशाक लिन उपस्थित हुने व्यक्तिहरुलाई रु १००।- यातायात खर्च पनि दिने । |
| २. | हरिशंकर जात्रा र विजया दशमी एवं दिपावली जस्ता चाडवाड सम्बन्धमा । | | • दक्षिणकाली नगरपालिकाको ऐतिहासिक स्थानीय पर्व हरिशंकर जात्राको उपलक्ष्यमा मिति २०७५/६/१९ गतेका दिन यस नगरपालिकाको कार्यालय, वडा कार्यालयहरु, विषयगत शाखाहरु र शैक्षिक संस्थाहरुलाई १ दिन विदा दिने ।<br>• हरिशंकर जात्राको उपलक्ष्यमा काठमाडौं जिल्ला क्षेत्र नं १० का माननीय सांसद ज्युहरु र काठमाडौं/ललितपुर/भक्तपुर जिल्ला भित्र रहेका महानगरपालिका/नगरपालिका र मकवानपुर जिल्लाको ईन्द्र |

| | | | |
|---|---|---|---|
| | | | सरोवर गाउँपालिकाका नगरप्रमुख/उपप्रमुख ज्यूहरुलाई आमन्त्रणको लागि पत्राचार गर्ने ।<br>• विजया दशमी र शुभ दिपावलीको उपलक्ष्यमा शुभकामना आदनप्रदान गर्ने कार्यक्रम मिति २०७५/६/२५ गते बिहिबारको दिन बिहान ७ बजे नगरपालिका प्राङ्गणमा गर्ने । उक्त कार्यक्रमको लागि सहकारी, संघसंस्था, शैक्षिक संस्था आदि लाई पत्राचार गर्ने जिम्मा वडा कार्यालयलाई दिने । |
| ३. | फोहोर व्यवस्थापन सम्बन्धमा । | | • काठमाडौं महानगरपालिकामा मासिक रुपमा अन्दाजी १५ मिनी ट्रिपर फोहोर उत्पादन हुने भएकोले व्यहोरा लेखि पठाउने । |
| ४. | नक्सा पास गर्ने सम्बन्धमा । | | • नगर कार्यपालिकाको मिति २०७५/०२/०४ गते को निर्णय बमोजिम भूकम्प पिडितहरुलाई भवन बनाउन दिई अभिलेखिकरण गर्ने सम्बन्धमा नक्सा पास दस्तुर नलिने । नगरपालिका क्षेत्र भित्र रहेका सरकारी भवनको नक्सा पास सम्बन्धि सम्पूर्ण राजश्व दस्तुर छुट गर्ने । |
| ५. | सार्वजनिक शौचालय निर्माण सम्बन्धमा । | | • सार्वजनिक शौचालय निर्माण सम्पन्न गर्नको लागि लागत इस्टिमेट बमोजिम रु. ८,८३,२८०.५७। लाग्ने रकम फोहोरमैला व्यवस्थापन शिर्षकबाट व्यहोर्ने । |
| ६. | सम्पदान संरक्षण सम्बन्धमा । | | • नगर प्रमुखको संयोजकत्वमा विभिन्न राजनीतिक दलका प्रतिनिधि र सम्बन्धित विज्ञ गरी ११ जनाको समिति गठन गर्ने । |
| ७. | डोजर (व्याक हो. लोडर) संचालक सम्बन्धमा । | | • दक्षिणकाली नगरपालिका वडा नं ९ बस्ने बर्ष २१ को श्रीकृष्ण बलामीलाई मिति २०७५/५/१५ देखि लागु हुने गरी डोजर (व्याक हो लोडर) को सहचालकको पदमा नियुक्ति गर्ने । साथै निजलाई मासिक रु. १३,५००। (तेह्र हजार पाँच सय) तलब दिने । |
| ८. | खानीहरु नविकरण सम्बन्धमा । | | |

तपसिल

| | | | |
|---|---|---|---|
| क. | श्री झम्केश्वरी माई रोडा उद्योग प्रा.लि. दिपक मल्ल | | • निवेदन - १ थान<br>• साधारण निर्माणमुखी खनिज पदार्थको खनिज कार्यको अनुमति पत्रको प्रतिलिपी - १ थान<br>• करचुक्ता प्रमाण-पत्र (आ.व.२०७३/०७४) - १ थान<br>• जग्गाधनी दर्ता प्रमाण पत्र - १ थान<br>• व्यवसायिक कर तिरेको रसिदको प्रतिलिपी - १ थान<br>• वार्षिक वातावरण परीक्षण प्रतिवेदन - १ थान<br>• नागरिकताको प्रतिलिपी - १ थान<br>• वडा कार्यालयबाट नविकरण तथा सम्झौता सिफारिस - १ थान |
| ख. | श्री चाँदनी वालुवा उद्योग प्रा.लि. शिव श्रेष्ठ | | • निवेदन - १ थान<br>• कम्पनी दर्ताको प्रमाण पत्रको प्रतिलिपी - १ थान<br>• आयकर दर्ता प्रमाणपत्र प्रतिलिपी - १ थान<br>• साधारण निर्माणमुखी खनिज पदार्थको खनिज कार्यको अनुमति पत्रको प्रतिलिपी - १ थान<br>• नागरिकताको प्रतिलिपी - १ थान<br>• जग्गाधनी दर्ता प्रमाण पत्र - १ थान<br>• व्यवसायिक कर तिरेको रसिदको प्रतिलिपी - १ थान<br>• व्यवसाय दर्ताको प्रमाण-पत्रको प्रतिलिपी - १ थान<br>• करचुक्ता प्रमाण-पत्र (आ.व.२०७३/०७४) - १ थान<br>• वार्षिक वातावरण परीक्षण प्रतिवेदन - १ थान<br>• वडा कार्यालयबाट नविकरण तथा सम्झौता सिफारिस - १ थान |
| ग. | श्री दशरथ बलामीको खानी दशरथ बलामी | | • निवेदन - १ थान<br>• साधारण निर्माणमुखी खनिज पदार्थको खनिज कार्यको अनुमति पत्रको प्रतिलिपी - १ थान |

| | | | |
|---|---|---|---|
| | | | • व्यवसायिक कर तिरेको रसिदको प्रतिलिपी - १ थान<br>• व्यवसाय दर्ताको प्रमाण-पत्रको प्रतिलिपी - १ थान<br>• करचुक्ता प्रमाण-पत्र (आ.व.२०७३/०७४) - १ थान<br>• आयकर दर्ता प्रमाणपत्र प्रतिलिपी - १ थान<br>• वार्षिक वातावरण परीक्षण प्रतिवेदन - १ थान<br>• वडा कार्यालयबाट नविकरण तथा सम्झौता सिफारिस - १ थान |

मिति २०७५/०६/०७ गते नगरपालिकाको प्राविधिकहरुबाट स्थलगत अनुगमन गरिएको प्रतिवेदन यसै साथ संलग्न गरिएको छ ।

यी सबै विवरणहरु अध्ययन गर्दा सबै आवश्यक कागजातहरु एवं प्रकृया पुरा भएको देखिएकोले उल्लेखित ३ (तीन) वटा खानी उद्योगहरु श्री झम्केश्वरी माई रोडा उद्योग, श्री चाँदनी वालुवा उद्योग प्रा.लि. र श्री दशरथ बलामीको खानी नविकरण गर्ने ।